वर्ष : १ अंक : ८ जेठ १६, २०७८

# गुल्मीदरबार ई-बुलेटिन

मासिक




## गुल्मीदरबार गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### गौडाकोट, गुल्मी

इमेल : ito.gulmidarbarruralmun@gmail.com, info@gulmidarbarmun.gov.np
वेबसाईट: www.gulmidarbarmun.gov.np

गुल्मीदरबार गाउँपालिकाको कार्यालय
गौँडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# शुभकामना



गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम मार्फत पालिकाले सुशासन कायम गर्दै भ्रष्टाचार शून्य सहनशीलताको नीति अवलम्बन गरेको छ । पालिकाको हरेक कृयाकलापहरुलाई पारदर्शि बनाई पालिकाका नागरिकहरुलाई सुसूचित गराउनको लागि मासिक ई-बुलेटिन प्रकाशन गर्ने नीति पालिकाले लिएको छ । पालिकाको समग्र कर्मचारी प्रशासनलाई चलायमान बनाउन, कर्मचारीलाई आफ्नो कामप्रति जिम्मेवार र जवाफदेही बनाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयका विभिन्न गतिविधिहरु समेटेर मासिक रुपमा ई-बुलेटिन प्रकाशन गर्न गईरहेको छ । गाउँपालिकाका सबै जनप्रतिनिधि र कर्मचारीहरुको मुख्य उद्देश्य यहाँका नागरिकलाई सहज र सुलभ सेवा प्रवाह उपलब्ध गराई गुणस्तरीय विकास निर्माण गर्दै सुखी र समृद्ध पालिका निर्माणमा हामीहरु अहोरात्र लागि रहेका छौं । सुखी र समृद्ध पालिका बनाउने महान कार्यमा आम नागरिकको सहयोगको अपेक्षा गर्दछु । पालिकाबाट भए गरेका विभिन्न कृयाकलापहरुको बारेमा राय सुझाव उपलब्ध गराईदिनु हुन सादर अनुरोध गर्दछु । यस ई-बुलेटिनले पालिकाका नागरिकहरु र आम सरोकारवालाहरुलाई सुसूचित गराउनको लागि सहयोग पुग्नेछ भन्ने अपेक्षा लिदै ई-बुलेटिनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

(अशोक कुमार थापा)
अध्यक्ष

**अशोक कुमार थापा**
**गाउँपालिका अध्यक्ष**



# प्रमुख प्रशासकीय अधिकृतको भनाई

समृद्ध र सुखी पालिका निर्माण गर्ने महान लक्ष्यमा गुल्मीदरबार गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष लगायत सम्पूर्ण जनप्रतिनिधिहरुको दृढ आत्मविश्वासको कारण समृद्ध पालिका निर्माणमा गुल्मीदरबार गाउँपालिका अगाडि बढिरहेको छ । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति तथा कार्यक्रम मार्फत गाउँपालिकामा सुशासन कायम गर्दै भ्रष्टाचार शून्य सहनसिलताको नीति अवलम्बन गरिएको छ । जनप्रतिधि र कर्मचारीको संयोजन, सहकार्य र समन्वयबाट गाउँपालिकामा सुशासन कायम गर्दै गुणस्तरीय सेवा प्रवाहको लागि पालिका सम्पूर्ण कर्मचारीहरु Proactive भएर लागेको अवस्था रहेको छ ।

गुल्मीदरबार गाउँपालिकाले पालिकाका जनतालाई केन्द्रमा राखी जनताको अधिकतम हितको लागि सुशासन तथा सेवा प्रवाह, शिक्षा, स्वास्थ्य, कृषि, रोजगार, पूर्वाधार निर्माण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने र संचालन गरेका विभिन्न गतिविधिहरुको जानकारी सम्बन्धित सरोकारवालाहरुलाई उपलब्ध गराउँदा सबैले सूचना पाउने संवैधानिक हकको प्रत्याभूति गराउन र सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीको कार्यान्वयन गर्नका लागि गाउँपालिकाले मासिक रुपमा ई-बुलेटिन प्रकाशन गरेको छ । पालिकाका विभिन्न शाखाबाट सम्पादन भएका क्रियाकलापहरुको बारेमा सबैलाई सुसूचित गरी कर्मचारीलाई जिम्मेवारीबोध तुल्याई, पारदर्शिता, सदाचारिता र जवाफदेहिता कायम गरी प्रभावकारी सेवा प्रवाहको लागि यस एकीकृत ई-बुलेटिनले सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु । **सूचनानै शक्ति हो** भन्ने मान्यतालाई आत्मसाथ गर्दै ई-बुलेटिनको माध्यमबाट सम्पूर्ण गुल्मीदरबार गाउँपालिकाबासी जनताहरुलाई समग्र गाउँ कार्यपालिकाको कार्यालयको सबै क्षेत्रहरुको गतिविधिहरुको बारेमा सुसूचित गराउने यस ई-बुलेटिनको मुख्य उद्देश्य रहेकोले आगामी दिनमा यसलाई अझै परिस्कृत रुपमा प्रस्तुत गर्न यहाँहरु सबैले अमूल्य पृष्ठ पोषण उपलब्ध गराईदिनु हुन समेत सादर अनुरोध गर्दछु ।

(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत

## गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालय तथा पालिका अन्तर्गतका वडाहरुमा रहेका इकाईहरुबाट सेवा लिंदा सेवाग्राही/नागरिकले ध्यान पुर्याउनु पर्ने विषयहरु

- ☞ कार्यालयबाट अबलम्बन गरिएको सेवा वितरणको प्रक्रिया र मापदण्डलाई पालना गर्ने,
- ☞ कर्मचारीहरुसँग नम्र, शिष्ट व्यवहार र शालिन व्यवहार प्रदर्शन गर्ने,
- ☞ सार्वजनिक सेवाको लागि विचौलिया लिई कार्यालयमा नआउने,
- ☞ कार्यालयको काम सम्बन्धी प्रकृया र आवश्यक कागजातका सम्बन्धमा नागरिक वडापत्र र सहायता कक्षबाट जानकारी लिने,
- ☞ सेवाप्रवाह सम्बन्धी प्रकृया र कागजातको बारेमा कार्यालयका कर्मचारीसँग बुझ्ने, नागरिक वडापत्र हेर्ने तथा कार्यालयमा रहेको सेवाप्रवाहसम्बन्धी जानकारी पुस्तिका प्रयोग गर्ने,
- ☞ कार्यालयले तोकेको सेवा प्रवाहको समय तालिकाको पालना गर्ने,
- ☞ कार्यालयमा सेवा लिन आउँदा धूमपान, मध्यपान गरेर नआउने,
- ☞ कार्यालयको परिसरमा धूमपान,मध्यपान तथा सूर्तिसेवन गरेको पाईएमा कानून अनुसार जरिवाना तिर्ने,
- ☞ कार्यालयको सम्बन्धित शाखाको कर्मचारीसँग आफ्नो कामको बारेमा विस्तृत रुपमा बुझ्ने र सोही अनुसार गर्ने,
- ☞ कर्मचारीलाई अनावश्यक स्वार्थ,दवाव, प्रलोभनमा पार्ने कार्य गैर कानूनी हुने हुँदा त्यस्तो कार्य नगर्ने,
- ☞ कार्यालय परिसरमा रहेका सार्वजनिक सम्पत्तिमा हानि पुयाउने कार्य नगर्ने,
- ☞ शौचालयको प्रयोग गरि सकेपछि पानीको प्रयोग गर्ने,जथाभावी नथुक्ने, अनावश्यक कागजात, वोतल लगायतका फोहोरलाई डस्टविनमा राख्ने,
- ☞ गाउँपालिकाको कार्यालयमा दिनको २ बजे देखि २:४० बजे सम्म खाजा खाने समय तोकिएको हुँदा केही समय धैर्य गरी सहायता कक्ष अगाडि राखीएको बेन्च मा बस्ने, टि.भी. हेर्ने तथा इन्टरनेटको सेवा लिई विभिन्न जानकारीहरु प्राप्त गर्ने,
- ☞ आफ्नो काम भैरहेको समयमा शाखामा गई भिडभाड नगर्ने र कर्मचारीसँग अनावश्यक गफगाफ गरी कर्मचारीको काममा डिस्टर्व नगर्ने,
- ☞ कार्यालयको दोस्रो तलामा तातो चिसो पानीको व्यवस्था गरिएको हुँदा उक्त सेवा लिने,
- ☞ कुनै पनि काममा ढिलासुस्ति भएमा वा अन्य कुनै गुनासो भएमा गाउँपालिका अध्यक्ष श्री अशोककुमार थापा (९८५७०७४४१०) र प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डे (९८५७०६७९१२) मा सम्पर्क गरी ढिलासुस्ति गर्ने कर्मचारीको गोप्य उजूरी गर्ने,
- ☞ कार्यालयमा रहेको सुझाव पेटीकामा गुनासो तथा सुझाव राखी आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाहको लागि असल नागरिको भूमिका निर्वाह गर्ने,
- ☞ कार्यालयको कार्यहरु र सेवा प्रवाह सम्बन्धी अन्य कुनै गुनासो भएमा अध्यक्षको कार्यकक्ष कोठा नं. १ र प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्ष कोठा नं. ३ मा सम्पर्क राख्ने ।

# विषय सूची

**शिर्षक** **पेज नं.**

**गाउँपालिकाको परिचय** ........ 7
**ऐतिहासिक पृष्ठभूमी** ........ 7
**भौगोलिक विभाजन र सिमाना** ........ 8
**मुख्य जातजाती** ........ 9
**जनसंख्या** ........ 10
**दरवन्दी संरचना** ........ 10
**शाखागत कर्मचारीहरुको विवरण र कार्यविभाजन** ........ 10
**२०७८ बैशाख महिनामा भए गरेका मुख्य क्रियाकलापहरु** ........ 18
**सूशासन तथा सेवा प्रवाह** ........ 18
१. मासिक समीक्षा तथा स्टाफ बैठक संचालन ........ 18
२. गुल्मीदरबार उपभोक्ता प्रशिक्षक कार्यक्रम सम्पन्न ........ 18
३. सामाजिक मेलमिलापकर्ताका लागि ४८ घण्टे तालिम सम्पन्न ........ 19
४. दर्ता शिविर सञ्चालनार्थ अभिमुखिकरण कार्यक्रम सम्पन्न ........ 19
५. व्यक्तिगत घटनादर्ता किताबको डिजिटाईजेसन ........ 20
६. शाखा प्रमुखको नेतृत्वमा कोभिड विशेष टीम परीचालन ........ 20
७. कोभिड संक्रमण रोकथाम तथा नियन्त्रण सचेतना कार्यक्रम ........ 20
८. माघ, फागुन र चैत्र महिनाको स्वत: प्रकाशन सार्वजनिक ........ 21
**पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखा** ........ 22
१. हाल सम्म सम्झौता भएको योजनाहरुको विवरण ........ 22
२. वैशाख महिनामा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौता विवरण ........ 22
३. निर्माण व्यवसायीबाट संचालन हुने योजनाहरुको विवरण ........ 23
**सामाजिक तथा आर्थिक विकास** ........ 24
शिक्षा तथा खेलकुद ........ 24
१. गाउँपालिकाको समग्र शैक्षिक अवस्था ........ 24
२. एकीकृत पाठ्यक्रम प्रबोधिकरण सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न ........ 25
स्वास्थ्य ........ 25
१. कोभिड अस्पतालमा आइसोलेशन निर्माण ........ 25

२. कोभिड विशेष अध्यावधिक विवरण सार्वजनिक ........ 26

**सूचना प्रविधि तथा विद्युत्तिय सुशासन** ........ 27

१. कार्यालयको वेभसाईट, सामाजिक संजाल र मोबाईल एप्समा अध्यावधिक ........ 27

२. राजश्व संकलनमा E-System को प्रयोग ........ 27

**यस महिनामा भएका कार्यपालिकाका निर्णयहरु** ........ 28

**महत्वपूर्ण सूचनाहरु (Vacancies & Tendors)** ........ 37

**जिल्ला तथा राष्ट्रिय मिडियामा गाउँपालिका** ........ 38

**बैशाख महिनामा संचालन भएका विभिन्न कार्यक्रमहरुको झलक** ........ 39

**बैशाख महिनामा भए गरेका मुख्यकार्यहरुको प्रगती विवरण** ........ 41

**१. राजश्व सम्बन्धी विवरणः** ........ 45

**२. धरौटी सम्बन्धी विवरणः** ........ 46

**४. खर्च सम्बन्धी विवरण** ........ 47

........ 47

**कार्यालयको सवारी साधन विवरण र प्रयोग गर्ने अधिकारी** ........ 47

**कर्मचारीको हाजिरी¸ काज र बिदा सम्बन्धी विवरण** ........ 49

कोभिड-१९संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धीका कार्यहरु ........ 52

नयाँ भेरियन्टको कोभिड सम्बन्धी विवरण ........ 52

कोभिड रोकथाम सम्बन्धमा जारी भएका विभिन्न्न सूचना तथा अपिलहरु ........ 53

**जनप्रतिनिधिहरुको विवरण** ........ 56

**कर्मचारीहरुको विवरण** ........ 58

## गाउँपालिकाको परिचय

नेपालको संविधानको मूल मर्म अनुसार संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको रुपमा आफ्नो अस्तित्वमा रहेका छन् । मिति २०७३।११।२७ नेपालको राजनैतिक विभाजन अन्तर्गत स्थानीय तह गठन भए सँगै गुल्मी जिल्लाकै ऐतिहासिह, धार्मिक, सांस्कृतिक र भौगोलिक महत्व बोकेको गुल्मीदरबार गाउँपालिका पनि ७५३ स्थानीय सरकार मध्येको आफ्नो छुट्टै पहिचान बोकेको एक स्थानीय सरकारको रुपमा स्थापना भएको छ । साविकको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने लुम्बिनी अञ्चलको गुल्मी जिल्लाका १२ स्थानीय तह मध्येको एक स्थानीय तह गुल्मीदरबार साविकका ६ वटा गाउँ विकास समितिहरु बलिथुम, जुभुङ, गौंडाकोट, विरवास, अमरअर्वाथोक, दरबारदेवीस्थानको संयोजन भई ७ वटा वडाहरुको स्थानीय तह बनेको छ।

## ऐतिहासिक पृष्ठभूमी

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट १३ कि.मि. को दुरिमा रहेको यस गुल्मीदरबार गाउँपालिकाको आफ्नो छुट्टै ऐतिहासिक पृष्ठभुमीरहेको छ । यस गाउँपालिकाको पश्चिम दक्षिण तर्फ ६ कि.मि. को दुरिमा ऐतिहासिक गुल्मीदरबार अबस्थित छ । सोहि स्थानको नामबाट गुल्मी जिल्लाको नाम र यस गाउँपालिकाको नाम रहन गएको हो । गुल्मीदरबार रहेको उक्त स्थानलाई गुल्मी चारपाला पनि भनिन्छ । सो दरबारको ३ तलामाथि इष्टदेबि ईश्वरीको मन्दिर छ,उनको पूजा शारदिय तथा बसन्त गरी २ पटक हुने गर्दछ ।यसै मन्दिरका कारणले यस क्षेत्र र गुल्मी जिल्ला प्रख्यात छ ।

इतिहास विद राजराम सुवेदीका अनुसार खास गुल्मी का राजाको राज्यस्थल चारपालालाई भनिन्थ्यो। हनुमान ढोकालाई काठमाडौं भनेजस्तै चारपाला इकाईलाई गुल्मी भनिएको हो । गुल्मी चारपालामा क्रमशः पाल्पाथोक, अर्बाथोक, गलामथोक तथा मुसिकोटथोक गरि ४ वटा पाला थिए भने यिनका अतिरिक्त उप्रिकोटथोक एउटा छुट्टै प्रशासनिक इकाई थियो। यसरी गुल्मीमा ९८ मौजा थिए भने प्रत्येक मौजामा जिम्मावाल र मुखियाले स्थानिय नेतृत्वको रुपमा काम गर्ने चलन थियो ।गुल्मी चारपाला दरबारमा राजाको बास हुन्थ्यो र त्यसैलाई गुल्मी राज्यको राजधानी भनिन्थ्यो ।

गुल्मीचारपाला अन्तर्गत पाल्पाथोकमा मेहेलडाडा,खोर्लेया,धरमपानी,जामुने,खिलु, गुरुमथुम, अमराइ, बेलपोखरा, धायरचौर, क्वादी, बगैचा, गाउचौर, बानपोखरा, फर्सवा, आपपाटा, कल्टुङ्ग,चतुरडाडा पर्दथे ।अमर अर्बाथोक अन्तर्गत कुन्थोक, डाडापोखरी, तल्लो हटिया, नेटाखर्क, हरिथुम, गाउचौर, बेग्रु ,सिलथुम, तोस, गौरिपोखरी, रानाटोला, अडडाडा, ग्वालीनचौर, ढुग्रेरीपाखा, बाखे्र, अजर्याङ्गबास, चित्रेडाडा, नरम र चिस्तु पर्दथे । गलामथोक अन्तर्गत उपल्लो हटिया, दमाइटोल, काफलचौर, मेहेलडाडा, गैराखर्क, सल्लेरी, जोर्तेपोखरा, बगैचा, स्यालापानी, ढयाखर्क, तिर्तिरे, पिरिडाडा, चौका, कुबिण्डे रिपाहाटोल, रोहटेपानी, उखाप, लामीडाडा, कोलहर, चौर, डाव, घोर्ले, कल्लेरी, गौरादी, भलाचौर, सिवु, चनौपाटा, खर्सशारुटोल, अमलेखर्क, रिमी, बोटे र रुमाखर्क पर्दथे । मुसिकोटथोक अन्तरगत देउराली, चितपानी, बासडाडा, साजर, कारपाटा, बडडाडा, खोला, माझपोखरी, अर्खले, तोलुङ्ग, पेखनपोखरा, गौरादी, कुडापानी, गौडाकोट, काउले, ढावा, जैसिपोखरा, लामीडाडा, बजारमारे, डुम्रिपोखरा, खिर्तिप, ठूलाचौर, ठूलोपोखरा, उप्रीकोट, बाजाबारी, डोहोटा, सातघर, भुटुका, बिरबास, रुमाखर्क, बदरखुट्टा, दह, राजा, म्यालपोखरी, बौदी, कोलघर,

राङ्गबास, खनियाबास, ठूलाखर्क, चिदिका दौघा, खज्र्याङ्ग, मानकोट, धरमपानी, दुम्सीकोट, रिडी, वाङला, अर्घातोस, धैरेनी, ठूलापोखरा, केरुङ बल्कोट, मेहेलटुप्पा, हाँडिकोट, बडडाडा, घोर्ले, दुबिचौर, उर्लेनी, कल्लेरी, बसानी, तम्घास र अर्खले आदी पर्दथे ।

## भौगोलिक विभाजन र सिमाना

यस गुल्मीदरबार गाउँपालीकालाई साबिकको बलिथुम गा.वि.स. लाई वडा नं. १,जुभुङ्ग गा.वि.स. लाई वडा नं. २, गौडाकोट गा.वि.स. लाई वडा नं. ३,बिरबास गा.वि.स. लाई वडा नं. ४,अमरअर्बाथोक गा.वि.स. लाई वडा नं. ५, दरबारदेबिस्थान गा.वि.स.को साविकको वडा नं.४,७,८ र ९ लाईसमेटेर वडा नं.६,र दरबारदेबिस्थान गा.वि.स. कै साविकका वडा नं. १,२,३,५ र ६ लाई समेटर वडा नं.७ कायम गरी पालिकालाईजम्मासात वटा वडामा बिभाजन गरिएको छ । यसको पुर्व पट्टि रुद्रावति नदी, पश्चिमतर्फ बठोवा खोला र केदुवा खोला, उत्तरतर्फ रेसुङ्गाकोल साध र दक्षिणतर्फ बाखेखोला पर्दछन ।

<u>गुल्मीदरबार गाउँपालिकाको राजनैतिक विभाजन तथा सिमाना</u>

प्रदेश : लुम्बिनी

जिल्ला : गुल्मी

गाउँ कार्यपालिकाको कार्यालय : गौंडाकोट

वडा संख्या : ७

गाउँपालिकाको केन्द्र : गौडाकोट

भौगोलिक अवस्था तथा सिमाना

क्षेत्रफल : ७९.९९ वर्ग किलोमिटर

पूर्व : छत्रकोट र चन्द्रकोट गाउँपालिका

पश्चिम : रेसुङ्गा नगरपालिका

उत्तर : चन्द्रकोट गाउँपालिका र मुसिकोट नगरपालिका

दक्षिण : छत्रकोट गाउँपालिका र अर्खाखाँची जिल्लाको छत्रदेव गाउँपालिका

## मुख्य जातजाती

यस गाउँपालिकामा बसोबास गर्ने मध्ये ब्राहमण/क्षेत्री र जनजातिको बाहुल्यता छ । त्यस बाहेक दलित र अन्य जातिकामानिस बसोबास गर्ने गर्दछन ।

| वडा नं. | ब्राहमण /क्षेत्री | जनजाती | दलित | जम्मा |
|---|---|---|---|---|
| १ | ११७५ | २३६९ | ७६८ | ४३१२ |
| २ | २४९९ | ११९३ | ८२९ | ४५२१ |
| ३ | १४३६ | ९५७ | ५०० | २८९३ |
| ४ | २१०७ | २०४७ | ६४४ | ४७९८ |
| ५ | ७७९ | ८६३ | ५५९ | २२०१ |
| ६ | ११९४ | ७५६ | ५८५ | २५३५ |
| ७ | २०९१ | ११७७ | ९४२ | ४२१० |
| **जम्मा** | **११,४८६** | **८,९५५** | **५,०२७** | **२५,४६९** |



## जनसंख्या

२०६८ सालको जनगणना अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २२,०३७ (१२,८५५ महिला र ९,१८२ पुरुष) रहेको छ ।गाउँपालिकाको वस्तुस्थिति विवरणमा लिएको तथ्याङ्क अनुसार पालिकाको जनसंख्या २५,४६९ (महिला १४,८२७ र पुरुषका १०,६४२) रहेको छ ।

## दरवन्दी संरचना



## शाखागत कर्मचारीहरुको विवरण र कार्यविभाजन

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १ | लक्ष्मण पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ९८५७०६७९१२ | अध्यक्षद्वारा प्रत्यायोजित अधिकार बमोजिम कार्यालय प्रमुख भई गाउँपालिकाको समग्र क्षेत्रको कार्य गर्ने |
| २ | नारायण प्रसादअर्याल | अधिकृत छैठौं, स्वास्थ्य | ९८५७०८५२११ | स्वास्थ्य शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम स्वास्थ्यसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ३ | नवराज घिमिरे | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०९ | सामाजिक विकास शाखा प्रमुख भई सामाजिक विकाश शाखा अन्तर्गतका विभिन्न कार्यहरुप्रत्यायोजित अधिकार बमोजिम सम्पादन गर्ने । |
| ४ | टंक प्रसाद पन्थी | अधिकृत छैठौं प्रशासन | ९८५७०८५२०८ | योजना, प्रशासन शाखा प्रमुख भई कर्मचारी प्रशासन, योजना तथा अनुगमन सम्बन्धीकाप्रत्यायोजित अधिकार बमोजिम कार्यहरु सम्पादन गर्ने |
| ९ | उजेलीदेवि पोखेल | अधिकृत छैठौ, पशु प्राविधिक | ९८५७०८५२१० | पशुपंक्षी विकाश शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिमका कार्यहरु सम्पादन गर्ने । |
| १० | भविष्य अर्याल | अधिकृत छैठौं, लेखा | ९८५७०८५२१५ | आर्थिक प्रशासन शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिमनियमानुसार लेखा सम्बन्धी काम गर्ने ,श्रेस्ता राख्ने,लेखापरीक्षण गराउने र बेरुजु फर्छ्यौट सम्बन्धीका कार्यहरु गर्ने । |
| ६ | राजु अर्याल | ईन्जिनीयर,अधिकृत छैठौं | ९८५७०८५२१४ | पूर्वाधार विकास शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम पालिकाको पूर्वाधार निर्माण तथा समग्र विकास निर्माणसँग सम्बन्धित विभिन्न कार्यहरु गर्ने । |
| ७ | सुन्दर चालिसे | अधिकृत छैठौं, शिक्षा | ९८५७०८५२१३ | शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिममा पालिकाको विद्यालय शिक्षा, आधारभूत तहको परीक्षा संचालन विद्यालय अनुगमन तथा मूल्याङ्कन लगायत शिक्षा तथा खेलकुद सम्बन्धी |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | तोकिएका विभिन्न कार्यहरु सम्पादन गर्ने |
| ८ | सुरेश खनाल | सूचना प्रविधि अधिकृत | ९८५७०७४४०० | सूचना प्रविधि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम विद्युतिय शुसासन लगायत पालिकाकोसूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी कार्य गर्ने । |
| ९ | निर्मला पाण्डेय | रोजगार संयोजक | ९८६७०१४३०० | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको TOR बमोजिमका विभिन्न कार्यहरु सम्पादन गर्ने |
| १० | अनिल कुमार यादव | ईन्जिनीयर पुन निर्माणप्रा. | ९८६३९७०५४७ | राष्ट्रिय पुननिर्माण प्राधिकरणले दिएको TOR बमोजिम पुन:निर्माण सम्बन्धीका कार्य गर्ने |
| ११ | आविश्कार खत्री | अधिकृत छैठौं, कृषि | ९८५७०८६२१२ | कृषि शाखा प्रमुख भई प्रत्यायोजित अधिकार बमोजिम गाउँपालिकाको समग्र कृषि क्षेत्रको वृहत्तर हितको लागि कार्य गर्ने गराउने । |
| १२ | भिमसेन थापा | सहायक पाँचौं (प्रशासन) | ९८५७०६१७३२ | प्रत्यायोजित अधिकार बमोजिम जिन्सी व्यवस्थापन, सामाग्री खरिद व्यवस्थापन लगायतका कार्यहरु सम्पादन गर्ने |
| १३ | घनश्याम चुंदाली | वडा सचिव | ९८५७०८५२०४ | ४ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १४ | खिम बहादुर कार्की | खा.पा.स.टे. पाँचौं | ९८५७०६७९६१ | खानेपानी पुर्वाधार विकास सम्बन्धी तोकिए बमोजिमका कार्य गर्ने |
| १५ | तेजेन्द्र थापा | सहायक पाँचौं (लेखा) | ९८५७०६४०७८ | पालिकाको राजश्व आम्दानी सम्बन्धी कार्य गर्ने, दैनिक,साप्ताहिक तथा मासिक रुपमा राजश्व बैंक दाखिला गर्ने गराउने र प्रमुख प्रशासकीय अधिकृतको निर्देशानुसार लेखा प्रमुखसँग समन्वय गरी पालिकाको आर्थिक प्रशासन सम्बन्धी विभिन्न कार्य गर्ने । |
| १६ | टेकराज गिरी | आ.ले.प.सहायक | ९८४४७४६१०६ | तोकिएको समयमा आन्तरिक लेखा परीक्षण गरी बेरुजु शून्य गराउन आवश्यक सहयोग गर्ने र पालिकामा आर्थिक अनुशासन कायम |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | गर्ने । |
| १७ | माया टण्डन | वडा सचिव | ९८५७०८५२०७ | ५,६ र ७नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| १८ | विक्रम बस्नेत | सव-इन्जिनियर | ९८५७०८९५२७ | पुर्वाधार विकास शाखामा रही शाखा प्रमुखसँगको समन्वयमा पूर्वाधार विकास, लगत स्टिमेट मूल्याङ्कन, प्राविधिक अनुगमन लगायतका विकास निर्माणसँग सम्बन्धित कार्यहरु गर्ने साथै ७ नं. वडा कार्यालयको समेत प्रावधिक कार्य सम्पादन गर्ने । |
| १९ | सिता लम्तरी | सव-इन्जिनियर | ९८४७३३४६३९ | ३ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २० | टुक बहादुर राना | कम्प्यूटर अपरेटर | ९८४७५९६३९३ | सूचना प्रविधि शाखामा रही सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी तथा अन्य तोकिएको जिम्मेवारी अनुसारका कार्यहरु सम्पादन गर्ने । |
| २१ | धाम बहादुर ढेंगा | एम.आइ.एस. अपरेटर | ९८५७०६४७२५ | पन्जिकरण तथा सामाजिक सुरक्षा तर्फको तथ्याङ्क अभिलेखिकरण सम्बन्धीका कार्यहरु सम्पादन गर्ने । |
| २२ | रमेश खड्का | प्राविधिक सहायक | ९८४७११९४१७ | रोजगार सेवा केन्द्रमा रहि प्रधानमन्त्री रोजगार कार्यक्रमको प्राविधिक पक्षको कामकाज गर्ने |
| २३ | जग बहादुर सर्तुङ्गी | वडा सचिव | ९८५७०८५२०१ | १ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २४ | पूर्णिमा घिमिरे | वडा सचिव | ९८५७०८५२०३ | ३ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |
| २५ | रुम बहादुर गाहा | वडा सचिव | ९८५७०८५२०२ | २ नं. वडा कार्यालयको वडा सचिव भई प्रत्यायोजित अधिकार बमोजिम वडाको प्रशासनिक प्रमुख भई कामकाज गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| २६ | विरेन्द्र कुमार टण्डन | असिस्टेन्टसब-इन्जिनियर | ९८५७०५७३६७ | ४ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २७ | गोकर्णप्रसादतिमिल्सैना | असिस्टेन्टसब-इन्जिनियर | ९८४८५५००६७ | १ र २ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २८ | सागर सारु | असिस्टेन्ट सब-इन्जिनियर | ९८४७४९६४७४ | ५ र ६ नं. वडा कार्यालयको विकास निर्माण र पुर्वाधार विकास सम्बन्धी प्राविधिक कार्य गर्ने |
| २९ | प्रकाश थापा | सूचना सहायक | ९८५७०६४९६१ | सम्बन्धित फाँट प्रमखुको मातहतमा रही तोकिएको कार्य गर्ने । |
| ३० | लिल बहादुर घर्ति | ना.कृ.प्राविधिक | ९८४५५९१६७४ | गाउँपालिकाको कृषि शाखामा रही पालिकाको कृषि विकास सम्बन्धी प्रत्यायोजित अधिकार बमोजिम कार्य गर्ने साथै १ र २ नं. वडा कार्यालयको कृषि प्राविधिक समेतको कार्य गर्ने । |
| ३१ | नारायण पन्थी | ना.प.स्वा.प्राविधिक | ९८५७०६७४०८ | १ र २ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३२ | उद्धव प्रसाद न्यौपाने | ना.प.स्वा.प्राविधिक | ९८५७०३५७६० | ३ र ४ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३३ | जयहिमाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८४७५०७५३६ | ६ र ७ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३४ | हरिप्रसाल कँडेल | ना.प.स्वा.प्राविधिक | ९८५७०३६१३१ | ५ नं. वडा कार्यालयमा पशु प्राविधिकको रुपमा रही पशुस्वास्थ सम्बन्धीका विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| ३५ | नमुना गौतम | ना.कृ.प्राविधिक | ९८४०५९८६१३ | ४ र ५ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |
| ३६ | सकुन्तला मल्ल शाही | ना.कृ.प्राविधिक | ९८६६४१२०६६ | ६ र ७ नं. वडा कार्यालयको कृषि प्राविधिक सम्बन्धी कार्य गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| ३७ | मोहन सिं तङ्नामी | सहायक कर्मचारी | ९८४७३५७४३१ | ५ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने । |
| ३८ | भेषविक्रम खत्री | सहायक कर्मचारी | ९८५७०६७४३५ | ७ नं. वडा कार्यालयको सहायक कर्मचारीको रुपमा रही वडा सचिवको काममा सहजिकरण लगायतका अन्य तोकिएका कार्यहरु सम्पादन गर्ने । |
| ३९ | विनिता ज्ञवाली | फिल्ड सहायक | ९८४७४३२९५० | पालिकाको पन्जिकरण शाखामा रही पन्जिकरण सम्बन्धिका विभिन्न कार्यहरु गर्ने । |
| ४० | अमर बहादुर पल्ली | खेलकुद शिक्षक | ९८६७७३८८८५ | शिक्षा युवा तथा खेलकुद शाखामा रही विद्यालयस्तर र समग्र गाउँपालिकामा खेलकुद सम्बन्धी विभिन्न प्रशिक्षण दिने कार्य गर्ने । |
| ४१ | मित्रलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४७१०६५१२ | गाउँ कार्यपालिकाको कार्यालयमा रही सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४२ | ओम बहादुर रजाली | कार्यालय सहयोगी | ९८४७४४२८१४ | ४ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४३ | गोविन्द थापा | हलुका सवारी चालक | ९८४४७७०९८६ | सवारी साधन चलाउने र आवश्यकतानुसार कार्यालयको अन्य कामकाज गर्ने । |
| ४४ | महेन्द्र कार्की | ह.स.चा.(एम्बुलेन्स चालक) | ९८४७२३२८८८ | गाउँपालिकाको एम्बुलेन्स संचालन सम्बन्धी कार्य गर्ने |
| ४५ | टोपलाल ज्ञवाली | कार्यालय सहयोगी | ९८४३८६०८६२ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४६ | चोलाकान्त पौडेल | कार्यालय सहयोगी | ९८४७३९२८३५ | गाउँ कार्य पालिकाको कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४७ | गोमा खत्री | कार्यालय सहयोगी | ९८४०४७५७४५ | सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ४८ | टीकाराम पराजुली | कार्यालय सहयोगी | ९७४७०४७४२८ | १ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| ४९ | समुन्द्र प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७४५३८७७ | २ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५० | नैना थापा | कार्यालय सहयोगी | ९७४७०६०६४६ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५१ | अर्जुन वि.क. | कार्यालय सहयोगी | ९८६७९२८०१८ | ३ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५२ | शान्ता गिरी | कार्यालय सहयोगी | ९८४७३५८८५२ | ५ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |
| ५३ | दिनेश प्रसाद श्रेष्ठ | कार्यालय सहयोगी | ९८४७३५७६६८ | ६ नं. वडा कार्यालयमा सरसफाई चिठ्ठी पत्र लगायतका कार्य गर्ने । |

## अन्य कर्मचारी विवरण

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| १. | श्री नरेन्द्र प्रसाद शर्मा | निरीक्षक | ९८५७०६७२८७ | प्रत्यायोजित अधिकार एवं गाउँपालिकाको शिक्षा ऐन बमोजिम शिक्षा क्षेत्रसँग सम्बन्धित विभिन्न कार्यहरु सम्पादन गर्ने । |
| २. | श्री हरीप्रसाद अर्याल | कानूनी सल्लाहकार | ९८५७०६१८६४ | न्याय समितिका विभिन्न कार्यहरु सम्पादन गर्ने र गाउँ कार्यपालिकाको ऐन, नियम, नीति निर्माणमा आवश्यक कानूनी परामर्श प्रदान गर्ने । |
| ३. | श्री नविन कार्की | प्रेस सल्लाहकार | ९८४१६४८२७२ | गाउँपालिका विभिन्न गतिविधिहरुको सूचनाहरु आम नागरिक तथा मिडीयामा सम्प्रेषण गर्ने र गाउँपालिकालाई आवश्यकतानुसार सल्लाह सुझाव उपलब्ध गराउने । |
| ४. | श्री सुदा ज्ञवाली | कार्यक्रम सहजकर्ता | ९८४७४१४९७६ | मुख्यमन्त्रि ग्रामिण विकास तथा रोजगार कार्यक्रमको संचालनको लागि |

## अन्य कर्मचारी विवरण

| सि.नं | कर्मचारीको नाम | पद | सम्पर्क नम्बर | कार्य विवरण |
|---|---|---|---|---|
| | | | | आवश्यक सहयोग र समन्वय गर्ने । |
| ५ | श्री महेन्द्र परियार | उद्यम विकास सहजकर्ता | ९८४७५८३००० | गाउँपालिकामा संचालन हुने लघुउद्यम विकास अर्न्तगत लघुउद्यमी सिर्जना गर्ने तालिम संचालन गर्न लगाएतका अन्य तोकिएका कार्य गर्ने |
| ६ | श्री भगवती थापा | उद्यम विकास सहयोगी | ९८४७०४०४०० | |
| ७ | श्रृजना खत्री थापा | सुपरिवेक्षक | ९८४७५७४६९५ | गरिब पहिचान तथा परिचय पत्र वितरण कार्यक्रमको लागि पालिकाको सबै वडाहरुको घर घरमा गई विवरण संकलन गर्ने |
| ८ | सिसिर श्रेष्ठ | गणक | ९८६०३९००८० | |
| ९ | कृष्णमाया कुंवर | गणक | ९८६७२६२०४७ | |
| १० | किरण कार्की | गणक | ९८४०४८७५९० | |
| ११ | हिमाल श्रेष्ठ | गणक | ९८४०५९८६६१ | |
| १२ | दशरथ पाण्डे | गणक | ९८४७५९८३२६ | |

# २०७८ बैशाख महिनामा भए गरेका मुख्य क्रियाकलापहरु

## सूशासन तथा सेवा प्रवाह

### १. मासिक समीक्षा तथा स्टाफ बैठक संचालन



गुल्मीदरबार गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयको मिति २०७८/०१/०५ गते प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डेको अध्यक्षतामा नियमित मासिक समीक्षा तथा दशौं स्टाफ बैठक र मिति २०७८/०१/१९ गते आकस्मिक स्टाफ बैठक बसी देहाय बमोजिम छलफल तथा निर्णय गरि सम्पन्न भयो ।

१. आ-आफ्नो शाखाले सम्पादन गरेका कार्यहरूको मासिक समीक्षा ।
२. यस अघि भएका निर्णयहरूको कार्यान्वयनको समीक्षा
३. सेवा प्रवाह गर्दा आईपरेका विभिन्न समस्याहरूको बारेमा छलफल गर्दै प्रभावकारी सेवा प्रवाहको लागि कटिवद्व र प्रतिवद्ध हुने ।
४. प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुख बीच गरिएको कार्य सम्पादन करार सम्झौताको दोस्रो चौमासिक प्रतिवेदन पेश गर्ने सम्बन्धमा छलफल ।
५. कोभिड रोकथाम तथा नियन्त्रण कार्य सम्बन्धी आवश्यक रणनीति बनाउने।
६. कोभिड रोकथाम तथा नियन्त्रण कार्यमा आवश्यक TOR सहित वडा विभाजन गरी कर्मचारी खटाउने ।
७. कोभिड रोकथाम तथा नियन्त्रण कार्य सम्बन्धी सचेतना सम्बन्धी आवश्यक प्रचार-प्रशार गर्ने।

### २. गुल्मीदरबार उपभोक्ता प्रशिक्षक कार्यक्रम सम्पन्न

**बैशाख ०३:**

मिति २०७८/०१/०३ गते शुक्रबार, घरेलु तथा साना उद्योग कार्यालय, गुल्मीको आयोजना र गुल्मीदरबार गाउँपालिकाको संयोजनमा गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालयका शिक्षकहरूलाई उपभोक्ता प्रशिक्षक बनाई शिक्षक मार्फत विद्यार्थी र विद्यार्थी मार्फत समुदायमा उपभोक्ता हित सम्बन्धी जनचेतना फैलाउने उद्देश्यले





कार्यक्रम आयोजना गरिएको थियो।

## ३. सामाजिक मेलमिलापकर्ताका लागि ४८ घण्टे तालिम सम्पन्न

**बैशाख १२:**







गुल्मीदरबार गाउँपालिकाको आयोजना, सुशासन तथा क्षमता विकास नेपालको संयोजन र ग्लोबल एड्भोकेसी नेपालको प्राविधिक सहयोगमा गुल्मीदरबार गाउँपालिकाका सबै वडाहरूमा मेलमिलाप केन्द्र संचालन गरी स्थानीय विवादहरूको स्थानीयस्तरमै निरूपण गरी सुखी पालिका निर्माण गर्न गाउँपालिकाका वडाहरूबाट छनौट भएका मेलमिलापकर्ताहरूको लागि ८ दिवसीय (४८ घण्टे) तालिम सम्पन्न, तालिमको सहजकर्ता कुशल व्यक्तित्व अधिवक्ता विनिता गुरूङ र जीवन बस्नेत रहनु भएको थियो ।

## ४. दर्ता शिविर सञ्चालनार्थ अभिमुखिकरण कार्यक्रम सम्पन्न

**बैशाख १२:**

गुल्मीदरबार गाउँपालिकाका जनप्रतिनिधि, राजनीतिक दल, शाखा प्रमुख र वडा सचिवहरूलाई प्रत्येक वडाका



टोलटोलमा गई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर सञ्चालन गर्नुपूर्व आवश्यक तयारी र प्रचारप्रशार सम्बन्धमा अनुशिक्षण कार्यक्रम सम्पन्न भयो । अनुशिक्षण कार्यक्रममा व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी विषयमा प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मण पाण्डेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## ५. व्यक्तिगत घटनादर्ता किताबको डिजिटाईजेसन

गुल्मीदरबार गाउँपालिका अन्तर्गत वडा कार्यलयहरुमा रहेका व्यक्तिगत घटना दर्ता किताबहरुको डिजिटाईजेसन गर्ने प्रकृया सम्पन्न भएको छ। व्यक्तिघट घटना दर्ता करिब ३२०००को विवरण डिजिटाईजेसन भएको छ ।


गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive

## ६. शाखा प्रमुखको नेतृत्वमा कोभिड विशेष टीम परीचालन

दोस्रो भेरियन्टको कोरोना भाईरसको संक्रमण तिब्र रुपमा फैलिएकोले गाउँपालिकाका नागरिकहरुलाई संक्रमणको जोखिमबाट जोगाई संक्रमण रोकथाम गर्न व्यापक रुपमा जनचेतना संचालन गर्नु पर्ने भएकोले गाउँपालिकाको कर्मचारीहरुलाई वडाको क्लस्टर विभाजन गरी वडास्तरीयमा समन्वय तथा सहजिकरण समिति गठन गरी भारत लगायतका अन्य देशहरु तथा कोभिडको उच्च जोखिम भएका जिल्लाहरुबाट आएका नागरिकहरुको लगत संकलन गर्ने, होम क्वारेन्टिनमा बसे नबसेको निगरानी गर्ने लगायतका कार्यहरु प्रभावकारी रुपमा स्चालन गर्न शिक्षक, महिला स्वास्थ्य स्वयंसेविका, जनप्रतिनिधि, स्थानीय संघ संस्था, राजनैतिक दल,टोल विकास संस्था लगायतलाई परिचालनको लागि आवश्यक सहजिकरण गर्न पालिकाको कर्मचारीहरुलाई खटाइएको ।

## ७. कोभिड संक्रमण रोकथाम तथा नियन्त्रण सचेतना कार्यक्रम

कोरोना भाईरसको संक्रमण उच्च दरमा फैलिन सक्ने अवस्था देखिएकोले संक्रमण रोकथामको लागि गाउँपालिकाको सवै वडाका टोलहरुमा गाउँपालिकाको तर्फबाट विभिन्न सचेतना मूलक सूचनाहरु प्रवाह गर्दै प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख लगायत कर्मचारीहरु । सचेतना मूलक सूचनाहरु टोल टोलमा माईकिङ्ग तथा स्थानीय संचार माध्यमहरुबाट प्रशारण गर्ने व्यवस्था मिलाईएको ।





## ८. माघ, फागुन र चैत्र महिनाको स्वत: प्रकाशन सार्वजनिक

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको आ.व. २०७७/०७८ को माघ देखि चैत्रसम्म सम्पादित मुख्य क्रियाकलापहरुको विवरण सार्वजनिक गरिएको छ।



**सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको आ.व. २०७७/०७८ को माघ देखि चैत्रसम्म सम्पादित मुख्य क्रियाकलापहरुको विवरण**

**(स्वत: प्रकाशन)**

**गुल्मीदरबार गाउँपालिका**

**गौंडाकोट, गुल्मी**

**लुम्बिनी प्रदेश, नेपाल**



कार्यालयको वेबसाइट, सामाजिक संजाल र सम्पर्क विवरण

ito.gulmidarbarruralmun@gmail.com

info@gulmidarbarmun.gov.np

www.gulmidarbarmun.gov.np

facebook.com/gulmidarbarrm

twitter.com/GulmidarbarRMun

कार्यालयको सम्पर्क नं. : ९८५७०७४४१० (कार्यालय)

९८५७०६७९१२ (प्रमुख प्रशासकीय अधिकृत)

सूचना अधिकारी

नाम थर : सुरेश खनाल

पद : सूचना प्रविधि अधिकृत

कार्यालय प्रमुख

नाम थर : लक्ष्मण पाण्डे

पद : प्रमुख प्रशासकीय अधिकृत

मिति : २०७८ वैशाख २८ गते

विषय सूची


गाउँपालिकाको स्वरूप र प्रकृति ........ 1

गाउँपालिकाको काम, कर्तव्य र अधिकार ........ 3

गाउँपालिकाको संगठन संरचना ........ 4

गाउँपालिकामा रहने कर्मचारी संख्या ........ 5

गाउँपालिकाको शाखा र जिम्मेवार अधिकारी ........ 5

गाउँपालिकामा रहने कर्मचारी संख्या र कार्य विवरण ........ 5

गाउँपालिकाबाट प्रदान गरिने सेवा ........ 8

सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ........ 10

सम्पादन भएका कामको विवरण ........ 12

निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ 17

निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ 17

सूचना अधिकारी र प्रमुखको नाम र पद ........ 17

ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ 17

आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण ........ 20

सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण ........ 21

कार्यालयको वेबसाइट, सामाजिक संजाल र सम्पर्क विवरण ........ 22

# पूर्वधार विकास तथा वातावरण व्यवस्थापन शाखा

## १. हाल सम्म सम्झौता भएको योजनाहरुको विवरण

आ.व. ०७७/०७८ मा गाउँपालिका तथा वडास्तरीय विभिन्न योजनाहरु उपभोक्ता समिति मार्फत संचालन भैरहेका छन् । २०७८ वैशाख मसान्त सम्म उपभोक्ता समिति मार्फत संचालन भएका योजनाहरुको संख्या २२१ रहेको छ ।

## २. वैशाख महिनामा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको सम्झौता विवरण

| सि.न. | योजनाको नाम | वडा न. | ल ई रकम | विनियोजित रु. | सम्झौता मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|
| १ | काब्रेपोखरी निउरेक सिस्नेखोला मो.बा. वडा नं.२ | २ | २१३१६६ | १८६००० | २०७८-०१-०५ | २०७८-०२-१५ |
| २ | बुढीपोखरी छत्र मन्दिर प्रङ्गण मर्मत संभार | ३ | १९२८२७.५ | १७५००० | २०७८-०१-०८ | २०७८-०२-१५ |
| ३ | जिमि खानेपानी योजना | ४ | ५०११८३ | ४५०००० | २०७८-०१-०३ | २०७८/२/३० |
| ४ | ठुलाचौर- लामडाँडा -राजा-हरियाली सडक | ७ | ८८९३७६.५ | ८००००० | २०७८-०१-०५ | २०७८-०२-१५ |
| ५ | स्मार्ट कृषि साझेदारी कार्यक्रम | २ | ११२५५२८ | १०००००० | २०७८-०१-०६ | २०७८/२/३० |
| ६ | शिवपुर शिवालय मन्दिर मर्मत जिर्णद्धार | १ | २२४७१७.२ | २००००० | २०७८-०१-०६ | २०७८-०३-१५ |
| ७ | राधाकृष्ण मन्दिर निर्माण | ५ | १११७०१.८ | १००००० | २०७८-०१-०५ | २०७८-०२-१५ |
| ८ | काब्रेपोखरी मा.वि.फर्निचर व्यवस्थापन | २ | १११४०६.३ | १००००० | २०७८-०१-०९ | २०७८-०२-१५ |
| ९ | रेडक्रस खा.पा.पाईप मर्मत | ३ | ५७०००.५६ | ५०००० | २०७८-०१-०९ | २०७८-०२-१५ |
| १० | भगवती मन्दिर मर्मत वडा नं.५ | ५ | १११८५४.२ | १००००० | २०७८-०१-१२ | २०७८-०२-१५ |
| ११ | आरुपाटा सपाङ्गदी मो.बा.निर्माण | ५ | २८१२४६.५ | २५०००० | २०७८-०१-१२ | २०७८-०२-१५ |
| १२ | पिपल गैरा खेल मैदान | ४ | ५८७८१.९७ | ५०००० | २०७८-०१-१२ | २०७८-०२-१५ |
| १३ | जलडाँडा मोटर बाटो | ३ | ३२२४०.०९ | ३०००० | २०७८-०१-१२ | २०७८-०२-१५ |
| १४ | बाल क्लब खेलौना खरिद | ४ | ३३००० | ३०००० | २०७८-०१-१३ | २०७८-०१-३० |
| १५ | भकारो सुधार कार्यक्रम ५० प्रतिशत अनुदान | ४ | १९७१३८.८ | १००००० | २०७८-०१-१३ | २०७८-०२-१५ |
| १६ | जनता प्रा.वि. वास सहित शौचालय निर्माण | ४ | ८८३६०७.६ | ७००००० | २०७८-०१-१३ | २०७८-०२-१५ |
| १७ | गंगा आधरभुत विद्यालय खेलमैदान सुधार | ६ | ५८११३ | ५०००० | २०७८-०१-१३ | २०७८-०२-१५ |
| १८ | चौडाँडा रानी पोखरी निर्माण तथा मर्मत | ६ | ११३७४८.४ | १००००० | २०७८-०१-१३ | २०७८-०२-१५ |
| १९ | बोटेमाझी कुमाल गाउँ सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण | १ | ११२०७३.६ | १००००० | २०७८-०१-१३ | २०७८-०२-१५ |
| २० | वार्ड कार्यालय भुईतला पाटेसन | ४ | २२१७८२ | २००००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| २१ | म्यालडाडा रानी पोखरी मर्मत | ६ | १०१६०७.८ | ९०००० | २०७८-०१-१४ | २०७८-०२-१५ |

| सि.न. | योजनाको नाम | वडा न. | ल ई रकम | विनियोजित रु. | सम्झौता मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|---|
| २२ | चिनिया पोखरी शिवालय ट्रस्ट निर्माण | ६ | ११४०७९.७ | १००००० | २०७८-०१-१४ | २०७८-०२-१५ |
| २३ | बाँझाबारी ट्रान्सर्फमर संरक्षण | ७ | १२३०८६.९ | १००००० | २०७८-०१-१४ | २०७८-०२-१५ |
| २४ | साहुखोला पुर्खे खा.पा. टङ्की पुन निर्माण | ३ | ११२८७९.६ | १००००० | २०७८-०१-१४ | २०७८-०२-१५ |
| २५ | काफालचौर मन्दिर मर्मत | ७ | ५६८५६.९१ | ५०००० | २०७८-०१-१४ | २०७८-०२-१५ |
| २६ | मालिका फास्ट ट्रयाक मो.बा. | ४ | ५५८२०.६ | ५०००० | २०७८-०१-१४ | २०७८-०२-१५ |
| २७ | गाउँचौर पौवा निर्माण | ५ | ७९०२४.९१ | ७०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| २८ | युवा खेलकुद कार्यक्रम | ४ | ५५४७७.३५ | ५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| २९ | सुर्योदय मा .वि.फर्निचर ब्यवस्थापन | २ | ११६७९८.१ | १००००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३० | थाक्सीपोखरा मा.वि.आई.सि.टी ब्यवस्थापन | १ | ७१६००० | ६५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३१ | माझीगाउँ खानेपानी योजना वार्ड नं१ | १ | ११४०८७.२ | १००००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३२ | सुर्योदय मा.वि.विज्ञान प्रयोगशाला | २ | ६५०००० | ६५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३३ | धैयारचौर सुडौनी मोटरबाटो | ६ | १६६९८१.४ | १५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३४ | बासगैरा रजाली टोल हुदै भलाम सम्म मोटर बाटो | ४ | १११०९५४ | १००००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३५ | पदम बहादुर मा.वि.कम्पाउण्ड वाल तथा प्रविधि निर्माण | १ | ५५४९५० | ५००००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३६ | राजा भट्टेचौर मोटर बाटो मो.बा.पर्खाल निर्माण | ३ | ५६०२३.६५ | ५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३७ | मोटर बाटो मर्मत संभार | ६ | ६३८०१०.५ | ५५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३८ | बलिथुम नरहरि कण्डेल मा.वि.विज्ञान प्रयोगशाला वडा नं १ | १ | १००९१३० | १०००००० | २०७८-०१-१५ | २०७८-०२-१५ |
| ३९ | जुभुङ्ग मोटर बाटो मर्मत संभार | २ | ३८५९४१.२ | ३५०००० | २०७८-०१-१५ | २०७८-०२-१५ |

## ३. निर्माण व्यवसायीबाट संचालन हुने योजनाहरुको विवरण

| सि.न. | योजनाको नाम | लई रकम रु | निर्माण फर्म | कुल कबोल रु. | सम्झौता मिति |
|---|---|---|---|---|---|
| १ | बोटे पुछार सुपालेघाट लिफ्ट खानेपानी | ९९,९८,७१५.०३ | अर्जुन शुष्मा सृष्टि जे.भी. | ८३,६४,९७७.४३ | २०७८-०१-१९ |
| २ | भलायचौर लिफ्ट खानेपानी योजना | ९९,८७,३९७.७३ | अर्जुन शुष्मा सृष्टि जे.भी. | ९४,९८,१२९.५५ | २०७८-०१-१९ |

# सामाजिक तथा आर्थिक विकास

**शिक्षा तथा खेलकुद**

**१. गाउँपालिकाको समग्र शैक्षिक अवस्था**

| क्र.सं | विवरण | सामुदायिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| १. | वालविकास | ४२ | ० | ४२ |
| २. | प्राथमिक (१-५) | १४ | ० | १४ |
| ३. | नि.मा.वि (६-८) | ४ | ० | ४ |
| ४. | मा.वि . (९-१०) | ४ | २ | ६ |
| ५. | मा.वि (११-१२) | ६ | ० | ६ |
| | जम्मा | ७० | २ | ७२ |

**विद्यालयको विवरण :**

## शिक्षकको विवरण:

| क्र.सं | विवरण | दरबन्दी | राहत /अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ३३ | | | |
| २. | प्राथमिक | १०५ | १८ | १२३ | |
| ३. | नि.मा.वि | १९ | १४ | ३३ | |
| ४. | मा.वि . (९-१०) | १३ | १० | २३ | |
| ५. | मा.वि (११-१२) | ४ | २ | ६ | |
| ६ | प्राविधिक धार तर्फका | ४ | ० | ४ | |

## विद्यार्थी विवरण :

| क्र.सं | विवरण | छात्रा | छात्र | जम्मा | दलित |
|---|---|---|---|---|---|
| १. | वालविकास स.का | ४२१ | ४२१ | ८४२ | १३६ |
| २. | प्राथमिक | १०२६ | १२२४ | २२५० | ४०२ |
| ३. | नि.मा.वि | ५६२ | ६३५ | ११९७ | १९९ |
| ४. | मा.वि . (९-१०) | ३४६ | ३४१ | ६८७ | १२३ |
| ५. | मा.वि (११-१२) | २७३ | १५८ | ४३१ | ५८ |
| ६ | प्राविधिक धार तर्फका | १३ | १६ | २९ | ४ |

## तहगत सिकाई उपलब्धी

| क्र.सं. | तह | तहगत सिकाई उपलब्धि | कैफियत |
|---|---|---|---|
| १ | प्राथमिक तह | ६८.२० | |
| २ | नि.मा.वि तह | ६२.५० | |
| ३ | मा.वि (९-१०) | ५९.८० | |
| ४ | मा.वि (११-१२) | ५८.७० | |
| | जम्मा | ६२.३० | औसत सिकाइ उपलब्धि |
| ५ | प्राविधिक धार तर्फको | ७६.३० | |

**२. एकीकृत पाठ्यक्रम प्रबोधिकरण सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न**

कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम प्रबोधिकरण सम्बन्धी ३ दिने प्रशिक्षण कार्यक्रम मिति २०७८।०१।१२ देखि १४ गते सम्म संचालन गरिएको ।






## स्वास्थ्य

**१. कोभिड अस्पतालमा आइसोलेशन निर्माण**

गुल्मीदरबार गाउँपालिकाको अस्थायी कोभिड-१९ अस्पताल गौडाकोट स्वास्थ्य चौकीमा अक्सिजन सहितको ५ शैयाको आयसोलेशन तयार गरिएको छ । आईसोलेशन सेन्टरमा अक्सजिन सिलिण्डर र अक्सिजन कन्सन्ट्रेटर सहितको १० शैया तयारी अवस्थामा राखिएको छ ।





## २. कोभिड विशेष अध्यावधिक विवरण सार्वजनिक

कोभिड विशेष अध्यावधिक विवरण प्रत्येक दिन सम्बन्धित निकायमा पठाइनुका साथै पालिकाको वेभसाईट र सामाजिक सञ्जाल मार्फत निरन्तर सार्वजनिक गरिदै आईएको।

गुल्मीदरबार गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**गौडाकोट गुल्मी**

**कोभिड-१९ अपडेट (नयाँ भेरियन्टको मात्र)** — **शुक्रबार ३१ बैशाख, २०७८**

| विवरण | आजको | जम्मा |
|---|---|---|
| भारत लगायत अन्य मूलुकबाट आएको | ० | २०० |
| संक्रमण फैलिएको जिल्लाबाट आएको | १ | ९४ |
| होम क्वारेन्टिनमा बसेको | १ | ७४ |
| पालिकाको क्वारेन्टिनमा बसेको | ० | ३ |
| एन्टिजेन परीक्षण | ३ | ८१ |
| Positive | ० | ३४ |
| Negative | ३ | ४७ |
| RT-PCR Swab Collection | ० | १०४ |
| PCR Test | ६२ | १०४ |
| Positive | ३५ | ६५ |
| Negative | २७ | ३९ |
| होम आईसोलेटेड संख्या | ३५ | ९१ |
| पालिकाको आईसोलेसनमा बसेको | ३ | ३ |

| विवरण | आजको | जम्मा |
|---|---|---|
| उपचाररत संख्या | ४ | ४ |
| जिल्लामा/ पालिकामा | ३ | ३ |
| जिल्ला बाहिर | १ | १ |
| Fever Clinic संचालन गरिएको | ७ | ७ |
| ज्वोरो परीक्षण | १४ | १५९ |
| ज्वोरो आएका बिरामी | ९ | ७२ |
| स्वास्थ्यकर्मी परिचालन | ३९ | ३९ |
| सक्रिय संक्रमित | ३५ | ९९ |
| संक्रमणबाट मृत्यु | ० | १ |
| हाल सम्म संक्रमित | | ९४ |
| हाल सम्म निको भएको | ३ | ४ |

नारायणप्रसाद अर्याल
(कोभिड विशेष फोकल पर्सन)

# सूचना प्रविधि तथा विद्युत्तिय सुशासन

## १. कार्यालयको वेभसाईट, सामाजिक संजाल र मोबाईल एप्समा अध्यावधिक

गाउँपालिकाबाट सम्पादन भएका हरेक कृयाकलापहरुलाई दैनिक रुपमा कार्यालयको सामाजिक संजाल, वेभसाईट र मोबाईल एप्समा सूचना तथा जानकारीहरु अध्यावधिक गराई नागरिक र आम सरोकारको सूचनाको हकलाई प्रभावकारी कार्यान्वयन गरिएको ।









## २. राजश्व संकलनमा E-System को प्रयोग

गुल्मीदरबार गाउँ कार्यपालिका अन्तर्गतका वडा कार्यालयहरु तथा कार्यपालिकाको कार्यालयमा राजश्व संकलन प्रणाली जडान गरि संचालनमा ल्याइएको छ ।पारदर्शिता कायम गर्नु र राजश्वको वास्तवि प्रक्षेपणमा सहयोग पुर्याउनु यसको उद्धेश्य रहेको छ।जुनसुकै समयमा राजश्वको तात्कालिन अवस्था सजिलै प्राप्त गर्न सकिन्छ। करदाताले आफूले तिरेको करको विवरण तुरुन्तै आफ्नो मोबाईलमा SMS मार्फत प्राप्त गर्नु यसको अर्को विशेषता हो।





## यस महिनामा भएका कार्यपालिकाका निर्णयहरु

### मिति २०७८/०१/०७ गतेको गाउँ कार्यपालिकाको २०औं बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरुः**

१. कार्यपालिकाको १९औं बैठकको समिक्षा सम्बन्धमा
२. कोभिड संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा
३. भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागत साझेदारीमा कार्यक्रम सञ्चालनको प्रस्ताव आव्हान सम्बन्धमा
४. औद्योगिक ग्राम स्थापना सम्बन्धमा
५. आर्थिक तथा प्रशासनिक जिम्मेवारी सम्बन्धमा
६. आर्थिक सहायता सम्बन्धमा
७. लामडाँडा खेलमैदानको लागि रकम मागको सिफारिस सम्बन्धमा
८. सिप विकास तालिम सम्बन्धमा
९. कृषि पूर्वाधार तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको पत्र सम्बन्धमा
१०. ढोवाट खोला खा.पा.को लागि रकम विनियोजन सम्बन्धमा
११. योजना सम्झौता सम्बन्धमा
१२. बाँझो जग्गाको लागि पेश भएका निवेदन सम्बन्धमा
१३. उद्यमी महिला तथा उद्यमी महिला समूह सिफारिस सम्बन्धमा
१४. वडा स्तरिय जनगणना सहजिकरण समिति गठन सम्बन्धमा
१५. सिद्धार्थ सामुदायीक विकास केन्द्रको कार्यक्रम सम्बन्धमा
१६. टोल विकास संस्था गठन/परिचालन सम्बन्धमा
१७. **घ** वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ संशोधन सम्बन्धमा
१८. राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची संशोधन सम्बन्धमा

## निर्णयहरु

**२०.१** कार्यपालिकाको १९औं बैठकबाट भएका निर्णयहरुको समिक्षा गरियो ।

**२०.२** कोभिड संक्रमण तिब्र रुपमा बढिरहेको हुँदा कोभिड संक्रमण रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य सुरक्षाका मापदण्डहरु पुरागरि विद्यालयहरु सञ्चालन गर्ने, भिडभाड नगर्ने, विवाह पूजा जस्ता कार्यहरुमा २५ जना भन्दा धेरै मानिसहरुको भिडभाड नगराउने, भारत लगायतका विदेशी मुलुकबाट आउने नागरिकहरलाई

स्वास्थ्य सुरक्षाको न्यूनतम मापदण्ड पुरागरि आफ्नो परिवार र समुदायमा घुलमिल हुने वातावरण मिलाउने, अनावश्यक रुपमा घरबाहिर ननिस्कन सम्पूर्ण गुल्मीदरबार गाउँपालिका वासीलाई अनुरोध गर्ने ।

२०.३ भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय लुम्बिनी प्रदेशको च.नं.१६०३ मिति २०७८/०१/०२ को पत्रसाथ प्राप्त लागत साझेदारीमा कार्यक्रम सञ्चालनको प्रस्ताव आव्हानको सूचना बमोजिम यस गाउँपालिकाको वडा नं.३ को दहपोखरीमा संकलन केन्द्रको पूर्वाधार निर्माण गर्ने र वडा नं. ४ को रुन्खा दहमा हाट बजार सञ्चालनको लागि पूर्वाधार निर्माणको लागि तोकीएको मापदण्ड बमोजिम प्रस्ताव पेश गर्ने ।

२०.४ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय औद्योगिक पूर्वाधार तथा वातावरण शाखा सिंहदरबार, काडमाण्डौको च.नं. २०२ मिति २०७७/१२/१३ को गुल्मीदरबारमा औद्योगिक ग्राम स्थापनाको गर्न सम्भाव्यता अध्यनको लागि वडा नं. ६ मा रहेको कल्टुङ्ग बगैंचा चौरको सार्वजनिक जग्गालाई छनौट गर्ने र सम्भाव्यता अध्ययनका लागि आउने परामर्शदाता कम्पनिलाई आवश्यक सहयोग गर्ने ।

२०.५ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौको (स्थानीय तह कर्मचारी प्रशासन शाखा) को च.नं. १६५७ मिति २०७७/११/२८ को आर्थिक तथा प्रशासनिक जिम्मेवारी सम्बन्धको पत्र बैठकमा पेश भई छलफल भयो गाउँपालिकाले सोही बमोजिम गर्ने ।

२०.६ गुल्मीदरबार गाउँपालिका वडा नं. १ बलिथुम निवासी चन्द्र बहादुर बोटेको छोरा वर्ष १५ को धन बहादुर बोटेको मिति २०७७/०६/१८ गते ट्याक्टर दुर्घटनामा मृत्यु भएको र निजको घरको आर्थिक अवस्था अति कमजोर भएको मृतकको पिता चन्द्र बहादुर बोटेलाई रु.१२०००।—(बाह्र हजार)आर्थिक सहायता उपलब्ध गराउने ।

२०.७ गुल्मीदरबार गाउँपालिका वडा नं. ७ लामडाँडामा खेलमैदान निर्माणको लागि आवश्यक रकम विनियोजन गर्नको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय लुम्बिनी प्रदेश मुकाम:बुटवलमा सिफारिस गर्ने ।

२०.८ मध्यविन्दु टेक्निकल इन्स्टिच्यूट कावासोती-३, नवलपरासीको मिति २०७७/१२/२९ को पत्रानुसार सञ्चालन हुने सिपविकास तालिममा यस गाउँपालिकामा तपशिलका सिपविकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नको लागि वडाहरुबाट देहाय बमोजिमका जनशक्ति छनौट गरि पठाउन अनुरोध गर्ने निर्णय गरियो ।

तपशिल:

| विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | वडा नं. ७ |
|---|---|---|---|---|---|---|---|
| पलम्विङ्ग तालिम | ३ | ३ | ३ | ३ | २ | ३ | ३ |
| ईलेक्ट्रिक तालिम | ३ | ३ | ३ | ३ | २ | ३ | ३ |
| सिकर्मी तालिम | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| वेयटर तालिम | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |

२०.९ कृषि पूर्वाधार तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्रको च.नं. २९७ मिति २०७७/१२/२७ को पत्र बमोजिम स्थानीय तहमा कोल्ड च्याम्वर तथा कस्टम हायरिङ्ग सेन्टर स्थावना सम्बन्धी कार्यक्रमका लागि

स्थानीय तहबाट आशय तथा प्रतिवद्धता सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकमा कोल्डरुम/पोर्टेवल कोल्ड च्याम्वर निर्माण २५ मे.टन को लागि लाग्ने अनुमानित लागत रु. २२ लाखको ५०% ले हुने रु.११ लाख रकम र जग्गा गाउँपालिकाले उपलब्ध गराउने प्रतिबद्धता सहितको आशय पत्र कृषि पूर्वाधार तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र हरिहरभवन ललितपुरमा पठाउने ।

२०.१० यस गाउँपालिकाको वडा नं. ६ मा रहेको ढोवाट खोला खानेपालनी योजनाको ट्रान्सफर राखेको पोलमुनिबाट पहिरो गइ जोखिम भएकोले संरक्षणको लागि आवश्यक रकम माग गरेको हुँदा प्राविधिक खटाइ लागत स्टिमेट तयार गरि पोल संरक्षणको लागि आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

२०.११ गुल्मीदरबार गाउँपालिका, गाउँ कार्यपालिकाबाट आ.व.२०७७/०७८ मा विनियोजन भएका योजना तथा कार्यक्रमहरु मध्ये उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रमहरु २०७८ साल बैशाख १५ गते भित्र सम्झौता गरिसक्नुपर्ने भएकोले उक्त समय भित्र बाँकी रहेका योजनाहरुको सम्झौता गर्नु हुन र उक्त मिति पछी आएका कुनै पनि योजना तथा कार्यक्रमहरु सम्झौता नहुने भनि सम्बन्धीत सबैको जानकारीका लागि सूचना प्रकाशन गर्ने र वडा कार्यालयले सोही बमोजिम सूचना प्रववाह गर्ने ।

२०.१२ यस गाउँपालिकामा रहेका बाँझो जग्गाहरु उपयोग गर्न भूमि बैंक सम्बन्धी कार्यविधि बमोजिम गाउँपालिकाको भूमि बैंकमा दर्ता भएका जग्गाहरु उपयोगको लागि सूचना प्रकाशन गर्ने ।

२०.१३ प्रत्येक वडाबाट १/१ जना उद्यमी महिला तथा उद्यमी महिला समूह सिफारिस गरि पालिकामा पठाउने निर्णय गरियो।

२०.१४ राष्ट्रिय जनगणना २०७८ लाई सफल बनाउनको लागि तपशिल बमोजिमको वडा स्तरिय जनगणना सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिलः**

संयोजकः- वडाध्यक्ष

सदस्यः- प्रधानाध्यापक

सदस्यः- वड सदस्य

सदस्यः- महिला वडा सदस्य

सदस्य सचिवः- वडा सचिव

२०.१५ सिद्धार्थ सामुदायीक विकास केन्द्रको लागि विनियोजन भएको रु.१० लाखबाट निम्न बमोजिमका कार्यक्रमहरु सञ्चालन शिक्षा समितिबाट सिफारिस भई आएकोले उक्त संस्थालाई सोही बमोजिमका कार्यक्रमहरु नियमानुसार संचालन गर्न अनुमती दिने ।

क. अध्यायन अवलोकन भ्रमण

ख. वित्तीय साक्षरता कार्यक्रम

ग. सबै वडाको पहिचान सहितको होडिङ्गबोर्ड व्यवस्थापन

घ. कार्यालय संचालन सामग्री खरिद

ङ. बाल स्वअध्यान सामग्री वितरण (प्रारम्भिक बाल कक्षाको लागि)

२०.१६ गुल्मीदरबार गाउँपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७७ मिति २०७७ फागुन १३ गते स्वीकृत भइ राजपत्रमा समेत प्रकाशन भएको हुँदा कार्यविधि बमोजिम सबै वडा कार्यालयहरुले वडाको टोलहरु विभाजन गरी टोल विकास संस्था यथासिघ्र गठन गरी कार्यविधि बमोजिमका विभिन्न कार्यहरु संचालन गर्न लगाउने ।

२०.१७ **घ** वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा ३ पछी उपदफा ३ पछी उपदफा ४ थप गरि कार्यविधि संशोधन गर्ने । **उपदफा ४ मा यस गाउँपालिका भन्दा बाहिर दर्ता तथा नविकरण भएका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र ठाउँ सारि गरि यस पालिकामा ल्याउन चाहेमा र यस पालिकामा दर्ता तथा नविकरण भएका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र अर्को पालिकामा ठाउँसारी गरी जान चाहेमा नियमानुसार दस्तुर सहित निवेदन पेश गरेमा ठाउँ सारी गर्न सकिने छ ।**

२०.१८ राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ संशोधन गरि अनुसूची-१ मा भाग-३ थप गर्ने **भाग-३ यस भागमा गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाका निर्णयहरु, गाउँ सभाका निर्णयहरु र गाउँपालिकाले प्रकाशन गर्नु पर्ने विभिन्न सूचनाहरु प्रकाशन गरिने छ ।**

## मिति २०७८/०१/१४ गतेको गाउँकार्यपालिकाको २१औं बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**

१. पूर्व निर्णयहरुको समिक्षा सम्बन्धमा
२.कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धमा
३. आधारभूत अस्पतालको टेण्डर खोल्ने सम्बन्धमा
४. अल्कालाइन वाटर सप्लायर्सलाई अनुमति सम्बन्धमा
५. दिदी बहिनी स्वरोजगार प्रा.लि.लाई अनुमति सम्बन्धमा
६. सिपमूलक र स्वरोजगारमूलक तालिम सञ्चालन सम्बन्धमा
७. निरिक्षक तोक्ने सम्बन्धमा
८. का.वा. वडाध्यक्षको जिम्मेवारी सम्बन्धमा
९. सुरक्षित नागरिक आवासको सम्झौता सम्बन्धमा

**निर्णयहरु**

**२१.१** अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

२१.२ कोभिड-१९(कोरोना भाइरस ) नयाँ भेरियन्टका साथ संक्रमण उच्च दरमा फैलिएको अवस्था देखिएकोले गाउँपालिकामा पनि भारत लगायतका राष्ट्रहरुबाट तथा संक्रमणको उच्च जोखिम भएका जिल्लाहरुबाट नागरिकहरु आउने क्रम जारी रहेको हुँदा संक्रमणको उच्च जोखिम देखिएकोले स्वास्थ्य सुरक्षा सतर्कता अपनाइ जनस्वास्थ्यका मापदण्डहरु पूर्ण रुपमा पालना गर्दै संक्रमणको जोखिम रोकथामका लागि देहाय बमोजिमका बुँदाहरु उल्लेख गरि वडाले सूचना जारी गर्ने र संक्रमण रोकथामको लागि कार्य गर्ने ।

**तपशिलः**

१. आफ्नो वडामा संक्रमण जोखिम नियन्त्रणको लागि स्वतस्फूर्त रुपमा स्वास्थ्य मापदण्डको पालना गर्न जनसमूदायलाई क्रियाशिल बनाउन आवश्यक व्यवस्था मिलाउने,
२. आफ्नो वडामा यथासिघ्र वडास्तरिय समन्वय समिति (राजनीतिक दल समेत) को बैठक बसी कार्यविभाजन र रोकथामको लागि वडास्तरिय कार्ययोजना निर्माण गर्ने,
३. भारत लगायतका अन्य मुलुक तथा संक्रमणको उच्चदर फैलिएका जिल्लाहरुबाट आउने नागरिकहरु कम्तिमा १० दिन अनिवार्य रुपमा होम क्वारेन्टिनमा बस्न अनुरोध गर्ने,
४. आफ्नो वडा भित्रका सबै टोलहरुलाई समेटिने गरि टोल विकास संस्थाहरु गठन/परिचालन गर्न आवश्यक व्यवस्था मिलाउने,
५. होम क्वारेन्टिन बसे नबसेको निगरानीको लागि टोल विकास संस्था र सुरक्षा निकायलाई परिचालन गरि सूचना संकलन गर्ने र तोकिएको समय क्वारेन्टिन नबसी समुदायमा घुमफिर गर्नेहरुलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाहिका लागि सिफारिस गर्ने,
६. भारत लगायत अन्य मूलुकहरु तथा संक्रमणको उच्चदर फैलिएका जिल्लाहरुबाट आउने नागरिकहरुको लगत संकलनको लागि आवश्यकतानुसार टोल विकास संस्था, स्थानीय संघ संस्थाहरु, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक शिक्षिका समेत परिचालन गरि लगत संकलन (नाम नामेसी सहितको विवरण ) लगाएतका कार्हरु गर्ने,
७. तयार भएको लगत वडालाई उपलब्ध गराउने,
८. वडा सदस्यहरुलाई वडाको क्लस्टर विभाजन गरि कार्य जिम्मेवारी सहित फोकल पर्सन तोक्ने,
९. गाउँपालिकाबाट जारी भए बमोजिमको कोभिड सम्बन्धी सूचना वडाको सबै टोलहरुमा माईकिङ्ग गरि प्रवाह गर्ने,
१०. स्वास्थ्य चौकी प्रमुखले आफ्नै वडा भित्र रहेका नागरिकको स्वास्थ्यमा संक्रमणको कुनै लक्षण देखिएमा वडाध्यक्षसँग समन्वय गरि वडाको सिफारिसमा गौडाकोटमा रहेको अस्थायी कोभिड अस्पतालमा पठाई एन्टिजेन परिक्षण गर्ने व्यवस्था मिलाउने,
११. कुनै नागरिकको स्वास्थ्यमा गम्भिर समस्या देखिएमा अस्पतालमा पठाउन आवश्यक व्यवस्था मिलाउने,
१२. आफ्नो वडा भित्र संक्रमित व्यक्तिको शव व्यवस्थापनको लागि उपयुक्त स्थान छनौट गर्ने ।

**२१.३** संघीय ममिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय तह समन्वय शाखाको च.नं. ४७१ मिति २०७८/१/६ को पत्र साथ प्राप्त स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १४१ मिति २०७८/१/३ को पत्र बैठकमा प्रस्तुत भई छलफल गरियो । अस्पताल निर्माणको लागि हाल सम्म भए गरेका गतिविधिहरुको समिक्षा गरियो । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जग्गा प्राप्ती ऐन २०३४

बमोजिम मुआब्जा निर्धारण समितिको बैठक बसी मुआब्जा निर्धारणको लागि उप-समिति गठन भई उप समितिले स्थलगत अध्ययन गरी जग्गाको एकीन नापजाँच गर्दा तपशिल बमोजिमको क्षेत्रफल कायम हुन आएको र अस्पताल निर्माणको लागि स्वास्थ्य भवन पूर्वाधारको डिजाईन तथा निर्माण सम्बन्धी (पहिलो संशोधन) निर्देशिका २०७७ बमोजजिम प्राथमिक अस्पताल ख वर्गको लागि ७-२-०-० रोपनी जग्गा आवश्यक पर्ने भएकोले तपसिल बमोजिमको जग्गाको मुआब्जा निर्धारणको प्रक्रिया अन्तिम चरणमा रहेको, जग्गाधनीहरुबाट गाउँपालिकाले अस्पताल भवन निर्माण सम्बन्धीका कार्यहरु गर्न मञ्जुरीनामा प्राप्त भएको र उक्त जग्गा जिल्ला प्रशासन कार्यालय गुल्मीबाट मालपोत कार्यालय, गुल्मीमा अस्पताल निर्माणको लागि आवश्यक पर्ने जग्गा रोक्का समेत राखिएको हुँदा आधारभुत अस्पतालको भवन निर्माणको लागि मन्त्रालयबाट तोकिएको मिति भित्रै टेण्डर आव्हान गर्ने ।

**तपशिलः**

| सि नं | जग्गाधनीको नाम थर | पिताको नाम | बाजेको नाम | किनं. | जग्गाको क्षेत्रफल | उक्त जग्गाबाट गाउँ पालिकाले लिने क्षेत्रफल |
|---|---|---|---|---|---|---|
| १ | दुर्गा बहादुर महतरा | डिल बहादुर | भिम बहादुर | ९३१ | २-३-२-२ | १-१३-०-१ |
| २ | दुर्गा बहादुर महतरा | डिल बहादुर | भिम बहादुर | ६६ | ४-६-०-२ | ०-११-०-३ |
| ३ | थमन बहादुर झाक्री | भोज बहादुर | तुलवीर | ६० | ४-११-०-३ | २-५-१-२ |
| ४ | थमन बहादुर झाक्री | भोज बहादुर | तुलवीर | ६१ | २-२-३-१ | ०-२-०-० |
| ५ | मान बहादुर झाक्री | तुरवीर | रत्नवीर | ६३ | ४-४-१-० | २-३-०-० |
| जम्मा | | | | | | ७-२-२-२ |

२१.४ अल्कालाइन वाटर सप्लायर्सले यस गाउँपालिकामा कार्यक्षेत्र बिस्तार गरि नागरिकहरुलाई शुद्ध खानेपानी उपलब्ध गराउनको लागि अनुमति माग गरेको हुँदा यस पालिकाका नागरिकहरुसँग कुनै पनि शुल्क नलिने गरि कार्यक्रम सञ्चालन गर्न अल्कालाइन वाटर सप्लायर्सलाई अनुमति प्रदान गर्ने ।

२१.५ रेसुङ्गा नगरपालिका वडा नं. ८ तमघास, गुल्मीमा दर्ता नं.२५८४९६ र स्थायी लेखा नं. ६०९९६२०७७ रहेको दिदी बहिनी स्वरोजगार प्रा.लि. नामको संस्थाको रेसुङ्गा-८ मा केन्द्रिय कार्यालय रहेको र उक्त संस्थाले यस गुल्मीदरबार गाउँपालिकामा विभिन्न सिपमूलक तालिमहरु सञ्चालनको लागि अनुमति माग गरेकोमा उक्त संस्थालाई यस पालिकाका नागरिकहरुसँग कुनै शुल्क नलिने गरि तालिम सञ्चालन गर्न अनुमति प्रदान गर्ने ।

२१.६ गुल्मीदरबार गाउँपालिकाको शिक्षा ऐन, २०७५ (संशोधन) बमोजिम नरेन्द्र शर्मालाई निरीक्षक तोक्ने ।

२१.७ गाउँपालिकामा सञ्चालन हुने सिपमूलक र स्वरोजगार मुलक तालिमहरु स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा गरि सञ्चालन गर्ने ।

२१.८ वडा अध्यक्ष कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा कार्यवाहक वडा अध्यक्षको पत्र दिंदा दस्तखत नमूना सहित जिल्ला प्रशासन कार्यालय र गाउँपालिकामा बोधार्थ अनिवार्य पठाउनु पर्ने ।

